नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७५/७६- ११
चलानी नं. : १४५

## प्रेस बिज्ञप्ति

प्रविधिको उच्चतम प्रयोग गर्दै धितोपत्रको कारोबारलाई थप सहज, सरल एवं लगानीकर्ता मैत्री बनाउने उद्देश्यले यस सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले दोश्रो बजारमा धितोपत्रको कारोबार पश्चात् लगानीकर्ताले बिक्री गरेको धितोपत्रको राफसाफ प्रयोजनका लागि जारी गरिने निर्देशन पुर्जीलाई बिद्युतिय रूपमा नै जारी गर्न सकिने व्यवस्था गरेको जानकारी गराइन्छ। यस प्रयोजनका लागि लगानीकर्ताले हाल प्रयोग गर्दै आइरहेको अनलाइन सफ्टवेयर **"मेरो शेयर"** मा बिद्युतिय निर्देशन पुर्जी (Electronic Delivery Instruction Slip) जारी गर्ने सुविधा थप गरिएको छ। लगानीकर्ताले अब उप्रान्त **"मेरो शेयर"** मार्फत नै आफूले बिक्री गरेको धितोपत्रको कारोबार सम्बन्धी विवरण हेर्न र सो को राफसाफका लागि कारोबार सम्पन्न भएको दिन देखि कारोबार भए पछिको दोश्रो कार्य दिन (T+2) सम्मको समय भित्र जुनसुकै बेला पनि आफ्नो खाता रहेको निक्षेप सदस्यलाई निर्देशन पुर्जी जारी गर्न सक्नेछन्।

सो प्रयोजनका लागि **मिति २०७५/०६/२१** गते को कारोबार समय पश्चात् सम्पूर्ण बिक्रीकर्ता लगानीकर्ताले आफ्नो **"मेरो शेयर"** पोर्टल मार्फत नै विद्युतिय निर्देशन पुर्जी जारी गर्न सक्ने व्यवस्था गरिएको जानकारी गराइन्छ। साथै, उक्त मिति देखि कारोबार भएका धितोपत्रको हकमा लाग्ने हस्तान्तरण शुल्क लगानीकर्ताले आफ्ना राफसाफ सदस्य लाई बुझाउने र सो शुल्क सम्बन्धित राफसाफ सदस्य मार्फत कारोबारको राफसाफ तथा फछर्यौट प्रणाली मार्फत नै संकलन गर्ने व्यवस्था गरिएको जानकारी गराइन्छ।

बिद्युतिय निर्देशन पुर्जीको प्रयोग संगै लगनीकर्तालाई नेपाल स्टक एक्सचेन्जले हाल परीक्षण गरिरहेको र निकै छोटो समयमा सञ्चालनमा ल्याउने तयारी गरिरहेको पूर्ण स्वचालित कारोबार प्रणाली (Fully Automated Trading System) को प्रयोग गरि कारोबार गर्न थप सहज हुनेछ भने कारोबार राफसाफकै लागि लगानीकर्ताले निक्षेप सदस्यको कार्यालय धाउनुपर्ने बाध्यता तथा समयमा निर्देशन पुर्जी जारी हुन नसकेका कारणले हुने क्लोज आउट सम्बन्धी समस्याको समेत अन्त्य हुनेछ।

तसर्थ, सम्पूर्ण लगानीकर्तालाई "मेरो शेयर" मार्फत बिद्युतिय निर्देशन पुर्जी प्रयोग गरि सेवाबाट लाभान्वित हुनुहुन अनुरोध गरिन्छ । साथै, लगानीकर्तालाई पूँजी बजार सम्बन्धी जानकारी अभिवृद्धि गराउने हेतुले आयोजना भैरहेको विश्व लगानीकर्ता सप्ताह समारोहको अवसरमा मिति २०७५/०६/१९ देखि २०७५/०७/०२ सम्म हितग्राही खाता खोल्ने शुल्क नलाग्ने व्यवस्था गरिएको व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूलाई जानकारी गराइन्छ ।

मिति: २०७५/०६/१८

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com